# राप्ती नगरपालिका न्यायिक समिति

## प्रतिवेदन

राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. ३

भण्डारा चितवन

२०७६ आषाढ १०

न्यायीक समितीबाट दर्ता गरिएका विवाद तथा मेलमिलाप तथा सिफारिस गरिएको विवादहरु एवं निर्णय गरिएका विवादहरु तपसिलमा उल्लेख गरेको छु ।

सम्पूर्ण उपस्थित नगर सभासद ज्यूहरु आर्थिक वर्ष २०७५।०७६ सालमा न्यायिक समितिमा जम्मा २५ वटा उजुरी दर्ता भएका छन । उक्त उजुरी मध्ये सम्बन्ध विच्छेदका २ वटा उजुरी परेको थियो । मेलमिलापको माध्यामबाट ती २ वटा उजुरीलाई सम्बन्ध विच्छेद गरी टुग्याउने गरी टुंग्याउने काम गरीयो । त्यसैगरी रकम हिनामिना विकास योजना को १ वटा उजुरी परेकोमा छानविन समिति ३ सदस्यीय समिती गठन गराइ उक्त छानविन समिती ३ सदस्यीय समिति गठन गराइ उक्त छानविन समितिको प्रतिवेदन न्यायीक समिती द्धारा सिफारिस भै नगर कार्यपालिकामा निर्णयार्थ पेश गरेका छौ । त्यसै गरी भुकम्पको घर पुन निर्माण कार्यमा नक्कली कागजात पेश गरेको भन्ने १ वटा उजुरी परेकोमा छानविन भै विवाद समाधान भएको छ । रकम लेनदेन तर्फ ६  वटा उजुरी दर्ता भएका छन । उक्त ६ वटा मध्ये बैदेशिक रोजगार ढुकुटी संचालन, सापटी लेनदेन प्रकृतिका जटिन मुद्धा दर्ता भएका मध्य केही विवाद समाधान भएका र केही प्रकृयामा रहेका छन माननिय सदस्य ज्यूहरु

त्यसैगरी सामुदायिक बन उपर विवाद परेको १ वटा र उक्त समिति अवैधानीक छ भन्ने विवाद रहेकाले उक्त शिखर हरियालीको विवाद बनसँग सम्बन्धित भएकोले जिल्ला बन डिभिजन कार्यालयमा सिफारिस गरिएको छ । मानाचामल सम्बन्धी २ वटा उजुरी परेकोमा १ वटा मेलमिलापको माध्यामबाट र १ वटा बोलाउदा छलफलको लागि नआएकाले न्यायीक समितिबाट निर्णय गरी टुङ्याएका छौ । श्रीमान श्रीमति विचको विवाद २ वटा दर्ता भएकोमा मेलमिलापबाट समाधान गरिएको छ । अवैधानिक उत्खननको विवाद १ वटा परेकोमा छलफलद्धारा टुङ्याएको छ । झै-झगडा सम्बन्धी ३ वटा विवादमा २ वटा समाधान र १ वटा सिफारिस गरिएको छ । त्यसै गरी कुलो बन्द गरी किसानहरुलाई मर्कामा परेको १ वटा उजुरी परेकोमा उक्त विवाद समाधान गराउन पटक पटक प्लाटिङ गर्नेवालालाई पत्र पठाउदा पनि उपस्थित नभएकोले उक्त जग्गा रोक्का गरिएको छ र उक्त विवाद प्रकृयामा रहेको जानकारी गराउछु साथै जग्गा खिचलोको ३ वटा मुद्धा दर्ता भएकोमा मेलमिलापबाट १ वटा र २ वटा प्रकृया रहेको कुरा जानकारी गराउछु ।

जम्मा विवाद दर्ता संख्या – २५ वटा
विवाद समाधान संख्या – १६ वटा
सिफारिस गरिएको संख्या – २ वटा
प्रकृयामा रहेको संख्या – ७ वटा

| क्र सं. | विवादको किसिम | संख्या |
|---|---|---|
| १ | सम्बन्ध विच्छेद | २ |
| २ | रकम हिनामिना विकास योजना | १ |
| ३ | भुकम्प नक्कली कागज | १ |
| ४ | रकम लेनदेन | ५ |
| ५ | सामुदायिक बन सिखर हरियाली | १ |
| ६ | माना चामल | २ |
| ७ | श्रीमान श्रीमति विचको विवाद | २ |
| ८ | अवैधानिक उत्खनन | १ |
| ९ | अंश वण्डा | ३ |
| १० | झै झगडा | ३ |
| ११ | कुलो बन्द गराएको | १ |
| १२ | जग्गा खिचलो | ३ |
| | जम्मा | २५ |